# म्याङलुङ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## तेह्रथुम

**Corona Virus (Covid-19) को नियन्त्रण तथा रोगथाम सम्बन्धित कार्यक्रम संचालन प्रतिवेदन**

मितिः२०७६/१२/२८

संजय कुमार तुम्वाहाङ्फे

नगर प्रमुख

## पृष्ठभुमि :

विश्वव्याापी रुपमा फैलिरहेको कोरोना भाइरस COVID- 19 को महामारीबाट म्याङलुङ नगरपालिका पनि उच्च जोखिममा रहेकाले संक्रमण फैलिन नदिनका लागि यस नगरपालिका पनि पुर्ण लकडाउनको अवस्थामा रहेकोछ । यस महामारीलाई नियन्त्रण गर्न हामी स्थानीय सरकारको मुख्य भुमिका रहने हुँदा स्थानिय प्रशासन,जिल्ला स्थित सवै सुरक्षा निकायहरुसंगको समन्वय एवं सहकार्यमा स्थानीय सरकारका जनप्रतिनिधि लगायत कर्मचारीहरु महामारीलाई फैलिन नदिन सचेतीकरण, पुर्वाधार निर्माण र संभावित आपतकालिन अवस्थाको पुर्व तयारी र नगरवासिलाई राहत उपलब्ध गराउने कार्यमा खटिरहेको सन्दर्भमा म्याङलुङ नगरपालिकाद्धारा हालसम्म सम्पादन गरेका क्रियापहरुलाई आम सरोकारवालाहरु माझ प्रवाह गर्न,सुसुचित गराउन तथा आगामी दिनमा यस कार्यलाई अझ वढि व्यवस्थित एवं प्रभावकारी रुपमा सञ्चालन गर्ने सन्दर्भमा यो सक्षिप्त प्रतिवेदन प्रस्तुत गरिएको छ ।

## १.कोरोना भाईरस (COVID-19 ) को संक्रमणको जोखिम नियन्त्रण तथा रोकथामका लागि म्याङलुङ नगरपालिकाद्धारा हाल सम्म सम्पादन गरिएका क्रियाकलापहरुको संक्षिप्त विवरण :

- कोरोना भाईरस (COVID-19 ) संक्रमण नियन्त्रण तथा रोकथाम समन्वय समिति (नगर स्तरिय,वडा स्तरिय) गठन तथा परिचालन गरिएकोछ ।
- नगर स्तरिय कोरोना भाईरस (COVID-19 ) संक्रमण नियन्त्रण तथा रोकथाम समन्वय समितिको दुई वटा वैठक वसि महत्वपुर्ण निर्णयहरु भएकोछ भने नगरपालिकाका वडास्तरमा गठित समितिहरुको समेत आवस्यकता अनुसार वैठकहरु वसि यस कार्यमा क्रियाशिल रहेका छन् ।
- कोरोना भाईरस (COVID-19 ) को संक्रमणको जोखिम नियन्त्रण तथा रोकथामका लागि आम नगरवासिहरुलाई सचेतीकरण गर्नका लागी स्थानिय रेडियो,माईकिङ एवं सामाजिक सञ्जालहरुको माध्यमवाट सन्देसमुलक सुचनाहरु प्रवाह गरिएकोछ ।
- जिल्ला अस्पतालमा म्याङलुङ नगरपालिका,नेपाली सेना र अन्य सुरक्षा निकायहरुको सहकार्यमा १० जना विरामी राख्न सक्ने क्षमताको आईसोलेशन वार्ड निर्माण गरिएकोछ ।
- म्याङलुङ नगरपालिका स्थित श्री सरस्वति मा.वि.मा म्याङलुङ नगरपालिका,नेपाली सेना र अन्य सुरक्षा निकायको सहकार्यमा ५० वेड क्षमताको क्वारेन्टाईन निर्माण गरिएको छ ।
- क्वारेन्टाईनमा राखिएकाहरुका सेवाग्रहिहरुका लागि आवस्यक पर्ने सम्पुर्ण लजेष्टिक सहयोग उपलव्ध गराईएकोछ ।
- नगर क्षेत्रमा तरकारी आपुर्तिका लागि कृषकहरुलाई ढुवानी सुविधा सहित हटिया व्यवस्थापन गरिएकोछ । साथै दैनिक उपभोग्य सामाग्रिहरुको कृतिम अभाव हुन नदिन वजार अनुगमन कार्यलाई निरन्तरता दिईएकोछ ।
- लकडाउन भएको पहिलो शुक्रवारे हटियामा २ वटा हेल्थ डेक्स स्थापना गरी हटियामा आउनु हुने व्यापारी तथा ग्राहकहरुको स्वास्थ्य परिक्षण गरिनुका साथै नोवेल कोराना भाईरश (COVID-19

) को संक्रमण नियन्त्रण तथा रोकथाम सम्वन्धि अभिमुखीकरण गराउनुका साथै सन्देशमुलक पर्चा,पम्प्लेट वितरण गरिएको छ ।

- म्याङलुङ नगरपालिका स्थित वसपार्कमा म्याङलुङ नगरपालिका, नेपाली सेना र अन्य सुरक्षा निकायहरुको सहकार्यमा हेल्थ डेक्स स्थापना गरिएकोछ ।
- जिरिखिम्ति वजारमा म्याङलुङ नगरपालिका,शसत्र प्रहरी र अन्य सुरक्षा निकायहरुको सहकार्यमा हेल्थ डेक्स स्थापना गरिएकोछ ।
- म्याङलुङ नगरपालिका,नेपाली सेना र अन्य सुरक्षा निकायहरुको सहकार्यमा पिपिई लगायतका सामाग्रिहरुको निर्माण तथा वितरण गर्ने कार्य गरिएकोछ ।
- अत्यावस्यक स्वास्थ्य उपचार सुरक्षा सामाग्रिहरु खरिद गरि म्याङलुङ नगरपालिका अन्तरगतका स्वास्थ्य संस्थाहरुमा वितरण गर्ने कार्य गरिएकोछ ।
- आवस्यक औषधिहरु खरिद गरि म्याङलुङ नगरपालिका अन्तरगतका स्वास्थ्य संस्थाहरु मार्फत निशुल्क वितरण गरिदैं आएकोछ ।
- म्याङलुङ नगरपालिकाद्धारा २०,०००। माक्स खरिद गरि नगरपालिका अन्तरगतका १० वटै वडाहरु मार्फत नगरवासिहरुलाई वितरण गरिएको साथै नगरपालिका स्थित सुरक्षा निकायहरु एवं स्वास्थ्य कर्मिहरुलाई वितरण गरिएको छ ।
- त्यसै गरि ६००० थान ग्लोव्स्,२४० पिस सेनिटाईजर र हेण्डवासका लागि ५७६ पिस डिटोल सावुन वितरण गरिएकोछ ।
- नगरको सरसफाईको अवस्थालाई मध्यनजर गर्दै म्याङलुङ नगरपालिकाका मुख्य वजार क्षेत्रहरुमा विषादी छिट्ने काम भई रहेकोछ ।
- नेपाल सरकारले गरेको लकडाउन वाट दैनिक ज्यालादारी गरी जिवन गुजारा गरिरहेका प्रभावित परिवारहरुलाई खाद्य सामाग्रि राहत उपलव्ध गराउनका लागि म्याङलुङ नगरपालिकाका १० वटै वडा स्तरमा गठित वडा स्तरिय कोरोना भाईरस (COVID-19 ) संक्रमण नियन्त्रण तथा रोकथाम समन्वय समितिको वैठकवाट सिफारिश भई आएका परिवारहरुलाई निम्न अनुसार वडा स्तरमा नै खाद्य सामाग्रि राहत उपलव्ध गराईएकोछ ।

| | वार्ड नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा घरधुरी संख्या | ४९७ | २०३ | ४९ | १०३ | ९७ | ११४ | ११७ | ६८ | १५५ | २९९ | १७०२ |
| सामाग्रिको नाम | चामल (के.जि) | ४९७० | २०३० | ५४० | १२२२ | ९७० | ११४० | ११७० | १०३० | १८५० | २९९० | १७९१२ |
| | दाल (के.जि) | ४९७ | २०३ | ४९ | १०३ | ९७ | ११४ | ११७ | ६८ | १५५ | २९९ | १७०२ |
| | नुन (के.जि) | ४९७ | २०३ | ४९ | १०३ | ९७ | ११४ | ११७ | ६८ | १५५ | २९९ | १७०२ |
| | तेल (लिटर) | २४८।५ | १०२ | २५।५ | ६२ | ४८।५० | ५७ | ५८।५० | ३४ | ९३ | १४९।५ | ८७८ |

- गरीव लक्षित उपमेयर कार्यक्रम अन्तरगत सुत्केरी महिला,नवजात शिशु पोषण तथा गर्भवति स्वास्थ्य जाँच सचेतना साथै राहत वितरण कार्यक्रम मार्फत आजको दिन सम्ममा ८० जना सुत्केरी ५० जना गर्भवति महिला गरि जम्मा १३० जनालाई चामल,गेडागुडी,हरलिक्स,तेल,अण्डा,सावुन तथा

नवजात शिशुलाई न्यायो कपडा समेत वितरण गरिएकोछ । आगामी दिनमा नगरपालिकाका थप ३५ जना सुत्केरी तथा गर्भवति महिलाहरुलाई यो राहत प्याकेज उपलव्ध गराईनेछ ।

- प्रधानमन्त्री ज्यू वाट हिजो मिति २०७६ चैत्र २५ गते देशवासिको नाममा भएको सम्वोधन अनुसार समुदाय स्तरमा नोभल कोरोना भाईरस (COVID-19 ) को संक्रमणको जोखिम नियन्त्रण तथा रोकथामका लागि महिला स्वास्थ्य स्वयं सेविका परिचालन गर्ने योजना अनुसार म्याङलुङ नगरपालिकाका महिला स्वास्थ्य स्वयं सेविकाहरुसंगको वैठक सम्पन्न गरिएकोछ ।
- लकडाउनको अवस्थामा आम नगरवासिहरुलाई दैनिक उपभोग्य वस्तुको अभाव हुन नदिनका लागि सामाग्रिहरुको मौज्दात विरण वुझ्न तथा सामाग्रि ढुवानीको सहज व्यवस्था मिलाउनका लागि जिल्ला प्रशासन कार्यालय,जिल्ला प्रहरी कार्यालय,राजनितिक दलका प्रतिनिधिहरुको रोहवरमा नगरपालिका स्थित व्यापारीहरु एवं आपुर्तिकर्ताहरुसंगको अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएकोछ ।

**२.कोरोना भाईरस (COVID-19 ) को संक्रमणको जोखिम नियन्त्रण तथा रोकथामका लागि म्याङलुङ नगरपालिकाको आगामी कार्य योजना :**

- राहत वितरण गर्नै पर्ने जोखिममा परेको परिवारहरुको अभिलेख तयारीका लागि नेपाल सरकार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,वातावरण तथा विपद व्यवस्थापन शाखाद्धारा जारी गरिएको असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असाहयहरुलाई उपलव्ध गराईने राहत सम्वन्धि मापदण्ड २०७६ COVID-19 को अनुसुचि १ वमोजिमको फारम अनिवार्य रुपमा भरेर मात्र प्रारम्भिक छनौट गरिने छ ।
- असंगठित मजदुर तथा असाहयहरुलाई व्यवस्थित रुपमा राहत वितरणका नगरपालिकामा स्थानिय विपद व्यवस्थापन कोष स्थापना गरिनेछ ।
- राहत वितरण तथा उद्धारका सवै काममा स्थानिय प्रशासन एवं जिल्ला स्थित सवै सुरक्षा निकायहरुसंग समन्वय गरि अनिवार्य संलग्नता र सहकार्य कायम गरिनेछ ।
- यस विपदको घडिमा नगरवासिहरुको दैनिक जिवनयापनमा सहजता ल्याउन स्थानिय तहका जनप्रतिनिधिहरुलाई सक्रियता पुर्वक खट्न र विपदमा जुटेका कर्मचारीहरुसंग उच्चतम् समन्वय र सहकार्य गर्ने वातावरण सृजना गरिनेछ ।
- यस विपदको घडिमा नगरपालिकाका कर्मचारीहरुलाई सक्रिय रुपमा परिचालन गरिनेछ ।
- कोरोना भाईरस (COVID-19 ) संक्रमण नियन्त्रण तथा रोकथाम समन्वय समिति नगर प्रमुखको संयोजकत्वमा गठित जिल्ला स्तरिय एवं नगर स्तरिय समिति र वडा अध्यक्षको संयोजकत्वमा गठन भएका समितिहरुको वैठक आआफ्नै कार्यकक्षमा नियमित रुपमा वसाई र प्रगतिको समिक्षा गर्नुका साथै आगामी कार्ययोजना समेत निर्माण गरिनेछ ।
- २०७६ चैत्र १ गते भन्दा यता विदेशवाट नगर क्षेत्रमा प्रवेश गरेका व्यक्तिहरुको लगत तयार गरि यथाशिघ्र वडा कार्यालय मार्फत संकलन गरी जिल्ला सुरक्षा समितिमा पेश गरिनेछ ।

- मिति २०७६।१२।२३ गते देखि कडाईका साथ अन्तरपालिका लगडाउन गरिनेछ ।
- समुदाय स्तरमा नोभल कोरोना भाईरस (COVID-19 ) को संक्रमणको जोखिम नियन्त्रण तथा रोकथामका लागि महिला स्वास्थ्य स्वयं सेविका परिचालन गरिनेछ । महिला स्वास्थ्य स्वयं सेविका परिचालनको सन्दर्भमा नेपाल सरकारले घोषणा गरेको थप सुविधामा नगरपालिकाको तर्फवाट समेत जनही रु.५००। थप सुविधा प्रदान गरिनेछ ।
- लकडाउनको अवस्थामा आम नगरवासिहरुलाई दैनिक उपभोग्य वस्तुको अभाव हुन नदिनका लागि नगरपालिका स्थित व्यापारीहरु एवं आपुर्तिकर्ताहरुलाई सामाग्रिहरु खरिद गरी मौज्दात राख्न उत्प्रेरित गरिनेछ । साथै समवन्धित निकायहरुसंग आवस्यक समन्वय गरी सामाग्रि ढुवानीको सहज व्यवस्था मिलाईनेछ ।
- नगरपालिकाद्धारा सम्पादन गरिएका क्रियाकलापहरु समेटी नगर प्रमुखद्धारा  प्रत्येक दिन प्रेश नोट जारी गरिनेछ ।

नगर प्रमुख
श्री संजय कुमार तुम्वाहाङफे








UCB


राहत
कोरोना भाइरस (COVID19)
नियन्त्रण तथा
रोकथामका सन्दर्भमा नेपाल
दैनिक ज्यालादारी
गर्नुहुने
अतिविपन्न परीवारलाइ
सामाग्री



तेह्रथुम
नेपाल
Tehrathum
राहत
कार्यक्रम
नियन्त्रण तथा
लकडाउनका कारण
गर्नुहुने
सामाग्री